# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः २ सङ्ख्याः ३ मितिः २०७७/०४/०६

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२
को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको
गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि
सर्वसाधारणको जानकारीको लागि प्रकाशन
गरिएको छ ।

**संवत् २०७७ सालको कार्यविधि नं. ३**

# गौमुखी गाउँपालिका कृषि सामग्री अनुदान कार्यक्रम कार्यविधि, २०७७

*कार्यपालिकाबाट स्विकृत मितिः२०७७/०२/१६*

**प्रस्तावनाः** कृषि पेशालाई मर्यादित, प्रतिस्पर्धात्मक एवम् व्यावसायिक बनाउन यान्त्रिकरणका माध्यमबाट कृषि आधुनिकीकरण गरी बाली अनुसारको उत्पादन देखी बाली भित्र्याउने सम्म र भण्डारण देखी बजारीकरणसम्म कृषकहरुको कृषि औजार तथा उपकरणहरुमा पहुँच बढाई कम उत्पादन लागतबाट उत्पादन र आयमा बृद्धि गराउनको लागि अनुदान दिई प्रोत्साहन गर्न आवश्यक भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(२) को अधिकार प्रयोग गरी गौमुखी गाउँपालिकाले "कृषि सामग्री अनुदान कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७७" बनाई लागु गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कृषि सामग्री अनुदान कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "आपूर्तिकर्ता" भन्नाले गाउँपालिका वा मातहतका निकायमा सुचिकृत भई कृषि, पशुपन्छी, तथा मत्स्यपालन सम्बन्धि औजार उपकरण उपलब्ध गराउने विक्रेता सम्झनुपर्छ।

(ख) "उपभोक्ता" भन्नाले कृषि व्यवसाय गर्ने उद्देश्य लिई अनुदानमा कृषि सामग्री लिन ईच्छुक प्रचलित कानुनबमोजिम स्थापना भएको कृषि समूह/सहकारी/निजि उद्यमी/फर्म वा संस्थामा संलग्न व्यक्ति वा समूह सम्झनुपर्छ ।

(ग) "कृषि सामग्री" भन्नाले कृषि पशुपन्छी तथा मत्स्यसम्वन्धी उत्पादन, प्रशोधन, प्याकेजीङ्ग, भण्डारण र ढुवानीमाप्रयोग हुने सवै प्रकारका औजार उपकरणहरुलाई सम्झनुपर्छ ।

(घ) "गाउँपालिका" भन्नाले गौमुखी गाउँपालिकाको कार्यालय सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले यसै कार्यविधिको दफा ५ बमोजिमको समितिलाई सम्झनुपर्छ।

(च) "सेट" भन्नाले अनुसुची-३ बमोजिम प्रस्ताव दररेटमा लेखिएका कृषि सामग्रीहरु मध्ये छानिएका कृषि सामग्रीहरुको संयुक्त रूपलाइ सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्यः** अनुदानमा कृषि सामग्रीहरु वितरण गरिने कार्यक्रम सञ्चालन प्रकृयालाई पारदर्शी सरल र सहज बनाउने।

४. **कार्यक्रम सञ्चालनको उद्देश्यः** यस कार्यक्रमको उद्देश्यहरु देहाय बमोजिम हुनेछन्:

(क) कृषिलाई यान्त्रीकरण, आधुनिकीकरण, व्यवसायीकरण एवम् प्रतिस्पर्धात्मक बनाई खाद्य तथा पोषण सुरक्षाको साथै स्वरोजगारको अवसर श्रृजना गर्ने ।

(ख) कृषिमा उत्पादन लागत घटाई कृषि ब्यबसायलाई नाफामूखी बनाउने।

## परिच्छेद २

## समितिसम्बन्धी व्यवस्था

५. **समितिहरुको गठनः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति तथा निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछ।

क) गौमुखी गाउँपाालिकाको अध्यक्ष - अध्यक्ष
ख)सामाजिक विकास समितिका सँयोजक - सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) निर्देशक समितिले कार्यक्रम सञ्चालनका लागि नीतिगत व्यवस्था तथा समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ।

(४) यस कार्यविधि बमोजिमको कार्यक्रम संचालनको लागि मूल्याङ्कन समितिबाट मूल्याँकन भइ प्राप्त प्रस्तावहरुको स्वीकृति गर्न देहाय बमोजिमको अनुदान व्यवस्थापन समिति गठन हुनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
ख) गाउँपालिकाको कृषि शाखा प्रमुख - सदस्य
ग) गाउँपालिका आर्थीक प्रशासन प्रमुख - सदस्य
घ) योजना शाखा प्रमुख - सदस्य सचिव

(५)समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(६)अनुदान व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः यस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई आएका प्रस्तावहरु उपर छलफल गरी औचित्यता हेरी स्वीकृत गर्ने ।

(ख) अनुदानको सिमा तोक्ने ।

(ग) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउन सक्नेछ।

(७) यस कार्यविधि बमोजिम अनुदानमा कृषि सामग्री प्राप्त गर्नको लागि पेश भएका निबेदन तथा प्रस्तावहरुको मूल्याङ्कन गर्न देहाय बमोजिमको मूल्याङ्कन समिति गठन हुनेछ ।

क) योजना शाखा प्रमुख - अध्यक्ष

ख) सामान्य प्रशासन शाखा - सदस्य

ग) पशु प्राविधिक - सदस्य

घ) कृषि शाखा प्रमुख - सदस्य सचिव

(८) समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(९) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) म्याद भित्र दर्ता हुन आएका दररेटहरुको मूल्याङ्कन गरि कृषि सामग्रीको दररेट कायम गरि सूचना प्रकाश गर्ने ।

(ख) कृषि सामग्रीहरु आपूर्तिकर्ताबाट छनौट गर्ने ।

(ग) छनौट भएका आपूर्तिकर्ताले अनुसूची-३ अनुसार दररेट प्रस्ताव गरेका सामग्रीहरुको किसिम, क्षमता, मोडेल, ब्रान्ड, र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका सामग्रीहरु समूहकृत गरी, उक्त समूहमा सबै भन्दा न्यूनतम् मूल्यलाई आधार मानी अनुदानको रकम तोक्ने ।

(घ) प्रस्तावमा पेश भएका सामग्री समूहकृत गर्न नमिलेको अवस्थामा पेश गरेको दरलाई नै न्यूनतम् मूल्य आधार मानी अनुदानको रकम तोक्ने ।

(ङ) अनुदान दिने प्रयोजनका लागि छनौट गरिएका आपूर्तिकर्ता तथा कृषि सामग्रीहरुको विवरण, म्याद भित्र दर्ता भई प्राप्त हुन आएका प्रस्तावहरु चेकलिस्ट अनुसार जाँच गरी सूची तयार तथा सर्टलिस्टिङ गर्ने ।

## परिच्छेद ३

## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सञ्चालन हुने क्षेत्र :** गौमुखी गाउँपालिकाका ७ वटै वडाहरु।तर यस कार्यक्रममा गाउँपालिका भित्रका प्रत्येक वडामा एक सेट सामग्री पर्ने गरी कार्यान्वयन गरिनेछ ।

७. **प्रस्ताव माग गर्ने विधीः** (१) आपूर्तिकर्तासँग प्रस्ताव माग गर्दा देहायवमोजिम गर्नुपर्नेछः

(क) गाउँपालिकाले कृषि सामग्रीहरुको आपूर्ति गर्न ईच्छुक आपूर्तिकर्ताहरुबाट सामग्रीहरुको किसिम, क्षमता, मोडेल, ब्रान्ड, र अन्य स्पेशिफिकेसनको आधारमा एकै खालका सामग्रीहरुको समूहकृत गरी दररेट प्रस्ताव आह्वानको लागि (सातं) ७ दिने म्याद दिई गाउँपालिकाको वेबसाइट www.gaumukhimun.gov.np वा गाउँपालिकाको सुचना पाटीमा अनुसूची १(क) बमोजिमको सूचना प्रकाशन गर्नेछ ।साथै वडा कार्यालयमा पनि यसको सूचना प्रकाशन गरिनेछ।

(ख) उपदफा १ खण्ड (क) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्तावकले अनुसूची २ (क) बमोजिमका कागजातहरु, अनुसूची ३ बमोजिमका आपूर्ति गर्न सक्ने सामग्रीहरुको विवरण सहित दररेटको लागि निबेदन पेश गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिम प्राप्त प्रस्तावहरु दफा ९ उपदफा (७) बमोजिम गठित मूल्याङ्कन समितिले तोकिएका आधार तथा शर्तहरु अनुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावदाता छनौट गरी गाउँपालिकाको सूचना पाटीमा एवम् वेबसाइटमा प्रकाशन गर्नेछ।

(२) कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुसँग प्रस्ताव माग गर्दा देहाय वमोजिम गर्नुपर्ने छ:

(क) गाउँपालिकाले कृषि सामग्रीहरु अनुदानमा प्राप्त गर्नको लागि इच्छुक कृषक, कृषकसमूह, कृषि सहकारी संस्था, निजी फर्म तथा उद्यमीहरुलाई निबेदन पेश गर्न सात (७) दिने म्याद दिई गाउँपालिकाको वेबसाइट www.gaumukhimun.gov.np वा गाउँपालिकाको सुचना पाटीमा अनुसूची १(ख) बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) उपदफा (१) बमोजिम अनुदान लिन चाहने उपभोक्ताले सूचनामा उल्लेख भए बमोजिमको अनुसूची २ को (ख) र (ग) अनुसारको कागजात सहित अनुसूची ५ र ६ को ढाँचामा विवरण भरी दिइएको म्याद भित्र यस गाउँपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

८. <u>**प्रस्ताव मूल्याङ्कन तथा सामग्री वितरणः**</u> (१) कृषि सामग्रीहरुको लागि पेश भएका प्रस्तावहरुको अनुसुची १० र ११ बमोजिम मूल्याङ्कन समितिले मूल्याङ्कन गरी अनुदान व्यवस्थापन समितिमा सिफारीश गर्नेछ।

(२) अनुदान ब्यवस्थापन समितिले पेश भएको मूल्याङ्कन प्रतिवेदन अध्ययन गरी अनुदानमा कृषि सामग्री सेट प्रदान गर्नको लागि स्वीकृत गर्नेछ ।

(३) स्वीकृत कृषि सामग्रीको अनुदानको विवरण तथा सामग्री आपूर्तिकर्ताको विवरण यस गाउँपालिकाको वेबसाईटमा एवम् सूचना पाटीमा राखिनेछ।

(४) उक्त विवरण अनुसार अनुदानग्राहीहरुले आपूर्तिकर्ताबाट आफ्नो तर्फबाट व्यहोर्ने रकम तिरी कृषि औजार अनुदानमा लैजान सक्नेछन्।

९. <u>**अनुदान रकम भूक्तानी प्रक्रिया:**</u> १) कृषि सामग्री उपलब्ध गराउनको लागि आपूर्तिकर्ताहरुलाई उपलब्ध गराउन सक्ने कृषि औजारको विवरण, स्पेशिफिकेशन र मूल्य सहित सूचिकृत हुनको लागि सूचना आव्हान गरिनेछ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुन आएका आपूर्तिकर्ताहरुले उपलब्ध गराएको सूचि मूल्याङ्कन समितिबाट एकिकृत गराई मूल्य निर्धारण गरी आपूर्तिकर्ताको मूल्य सूचि सहित सूचना प्रकाशन गरिनेछ।

(३) आपूर्तिकर्ताले उपभोक्तालाई अनुदानमा वितरण गरिएका सामग्री बुझेको भरपाई स्पेशिफिकेशन, मूल्य र सामग्री वितरणको फोटो तथा सम्बन्धित उपभोक्ताको सिफारिस र कार्य सम्पन्न प्रतिवेदन सहित अनुदान रकमको लागि गाउँपालिकामा अनुसुचि ८ बमोजिम निवेदन पेश गर्नुपर्नेछ।

(४) आपूर्तिकर्ताले पेश गरेको विवरणको आधारमा गाउँपालिकाद्धारा अनुसुची ९ बमोजिम अनुगमन भई अनुगमन प्रतिवेदनको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ ।

(५) यसरी सामग्रीमा दिइने अनुदान रकमको भुक्तानी गाउँपालिकाबाट आपूर्तिकर्ताको बैंक खातामा सिधै दिइने छ भने उपभोक्ताले व्यहोर्ने रकम सम्बन्धित उपभोक्ताले स्वयं आपूर्तिकर्तालाई दिनु पर्नेछ।

(६) गाउँपालिकाले संलग्न कागजातहरु जाँच गरी मूल्याँकन समितिको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी गर्नेछ ।कार्यक्रमको रकम भूक्तानी गर्दा नियमानुसारको आय कर कट्टी गरिनेछ। साथै कुल बजेटको ४ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी अन्य खर्चमा प्रयोग गर्न सकिनेछ।

(७)उपभोक्ताको हकमा देहायबमोजिम प्रकृया हुनेछ।

(क) दफा ८ उपदफा (३) बमोजिम गाउँपालिकाको वेबसाईटमा प्रकाशन गरिएका अनुदानग्राहीले छनौट भएका आपूर्तिकर्तामध्ये आफूलाई पायक पर्ने आपूर्ति कर्ताबाट अनुदानमा सामग्री लिन सक्नेछन् ।

(ख) सामग्री उपलब्ध गराउँदा आपूतिकर्ताले अनुदान ग्राहीको बिस्तृत विवरण सहितको लगत राख्नु पर्नेछ ।

(ग) आपूतिकर्ताले अनुदानग्राहीबाट अनुसुची ७ बमोजिमको सिफारिस पत्र प्राप्त गरी भुक्तानीका लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) भुक्तानीसम्बन्धी अन्य विवरण प्रचलित कानूनबमोजिम हुनेछ।

**१०. <u>आपूर्तिकर्ताले पालन गर्नुपर्ने शर्तहरुः</u>** कार्यक्रम कार्यान्वयनका लागि आपूर्तिकर्ताले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ।

(क) उपभोक्तालाई गुणस्तरीय कृषि सामग्री माग गरिएको समयमानै उपलब्ध गराउनुपर्नेछ ।

(ख) आपूर्तिकर्तालाई सम्बन्धित उपभोक्तालाई कृषि सामग्री उपलब्ध गराएको भरपाई वडा कार्यालयको सिफारिसको आधारमा भुक्तानी दिइने छ।

**११. <u>उपभोक्ताले पालन गर्नुपर्ने शर्तहरु</u>**ः कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ताले देहाय बमोजिमका शर्तहरु पालन गर्नुपर्नेछ ।

(१) उपभोक्ता कृषि पेशा, व्यवसायमा संलग्न भएको हुनुपर्नेछ ।

(२) सम्पुर्ण कृषि औजारमा न्यूनतम २५ प्रतिशतले हुन आउने रकम कृषकले स्वयं व्यहोर्नुपर्नेछ।

(३) अनुदान प्राप्त गर्ने समूहका सदस्यले आफ्नो जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ।

(४) अनुदानमा उपलब्ध गराईएको कृषि सामग्रीहरुकृषि कार्यको समय कृषि कार्यमै प्रयोग गर्नुपर्नेछ।

(५) अनुदानमा प्राप्त कृषि औजार तथा उपकरणहरुलाई कृषि कार्यमा प्रयोग गर्ने तथा आफ्नो समूह वा सहकारीका सदस्यहरुलाई सहुलियत दरमा उपलब्ध गराउनुपर्नेछ।

(६) अनुदान प्राप्त (मेसिनरी) सामग्रीहरु कम्तिमा पाँच बर्षसम्म अरुलाई विक्रि वितरण गर्न पाइने छैन्।

१२. **<u>दोहोरो हुने गरी अनुदान प्रवाह नगरीने:</u>** गाउँपालिकाबाट अन्य अनुदान पाएका लाई दोहोरो हुने गरी मेसिनरी सामग्री उपकरणमा अनुदान दिइने छैन। साथै कृषी सामग्री उपकरणहरु बढिमा एक लाख बिस हजार (कुल लागत) सम्मको रकम हुने गरि सेटमा उपलब्ध गराईने छ।

१३. **<u>अनुगमन :</u>** संचालित कार्यक्रमहरुको गाउँपालिका, वडा कार्यालय मार्फत नियमित रुपमा अनुगमन गरिनेछ।

१४. **<u>कार्यविधिको परिमार्जन:</u>** यस कार्यविधिको संशोधन परिमार्जन गाउँकार्यपालिकाले आवश्यकता अनुसार गर्न सक्नेछ ।

१५. **<u>प्रचलित कानून लागू हुने:</u>** यस कार्यविधिमा भएका व्यवस्थाहरु यसै बमोजिम र यस कार्यविधिमा नभएका विषयहरु प्रचलित कानून बमोजिम हुनेछन्।

१६. **<u>अन्तिम व्याख्या:</u>** यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या भएमा गाउँपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ।

## अनुसूची-१

### (क). कृषि सामग्री अनुदान कार्यक्रमको लागी आपूर्ति कर्ताबाट दररेट प्रस्ताव आव्हान सम्बन्धी सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति: ..........................

यस गाउँपालिकाको आ.व. .............. को बार्षिक कार्यक्रमअनुसार यस गाउँपालिकाको ७ वटै वडाका कृषकहरुलाई कृषि सामग्री अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले आपूर्ति गर्न ईच्छुक कम्पनि/डिलर/फर्म तथा आपूर्तिकर्ताले आवश्यक विवरण सहितको दररेट यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र यस गाउँपालिकामा आइपुग्ने गरि पेश गर्नको लागि सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित आवेदनको ढाँचा, कृषि औजारका किसिम लगायतका पेश गर्नु पर्ने आवश्यक कागजात सम्बन्धि बिस्तृत जानकारी यस गाउँपालिकाको Website: gaumukhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।साथै आवश्यक कागजात यस गाउँपालिकाको ईमेल ठेगानाः gaumukhirm2073@gmail.com मा समेत पेश गर्न सकिनेछ।

### (ख). कृषि सामग्रीमा अनुदान लिनको लागि कृषक/कृषक समूह/सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुको लागि निबदेन पेश गर्ने सूचनाको ढाँचा

प्रथम पटक प्रकाशित मिति :..........................

यस गाउँपालिकाको आ.व. ............. को बार्षिक कार्यक्रमअनुसार यस गाउँपालिकाको ७ वटै वडाका कृषकहरुलाई कृषि औजार अनुदानमा उपलब्ध गराउने कार्यक्रम रहेकोले उक्त कृषि औजारहरु लिन चाहने ईच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/निजी उद्यमी/फर्म उपभोक्ताहरुले अनुसूची -२(ख) र (ग) बमोजिमको आवश्यक कागजात सहित अनुसूची-५ अनुसारको निबेदन यो सूचना प्रकाशन भएको मितिले सात दिन भित्र यस गाउँपालिकामा आइपुग्ने गरि निबेदन पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ ।यस सँग सम्बन्धित निबेदनको ढाँचा, कृषि सामग्रीका किसिम तथा अनुदानमा कृषि सामग्रीहरु माग गर्न मिल्ने आधारहरुको जानकारीका लागि यस गाउँपालिकाको Website: gaumukhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।साथै आवश्यक जानकारी वडा कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

## अनुसूची -२

### आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

### (क) कृषि सामग्री आपूर्तिकर्ताहरुको लागि

कृषि सामग्रीहरुको दररेटको लागि आवश्यक कागजात

१. संस्था दर्ता प्रमाण पत्र, नविकरण सहितको प्रमाणित प्रतिलिपी ।

२. संस्थाको PAN/VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपी।

३. लेखा परिक्षण, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

४. कृषि सामग्री सम्बन्धी दररेट अनुसारको अनूसूचि-३ को विवरण तयार गरी प्रत्येक पाना प्रमाणित गरेको हुनुपर्नेछ।

### (ख) कृषक समूह तथा उपभोक्ताको लागि

१. कृषक समूह दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. समूहको निर्णय प्रतिलिपी ।

३. समूहले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

४. अधिकार प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र फोटो १ प्रति (पासपोर्ट साईजको)

५. यदि समूहको कुनै सदस्यले एकल रुपमा सामग्री लिन चाहेमा समूहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

६. अनूसूचि-३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी ।

### (ग) कृषि सहकारी संस्था/नीजि फर्म/कृषि उद्यमी उपभोक्ताको लागि

१. संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र अनिवार्य पेश गर्नु पर्ने ।

३. संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपी ।

४. गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

५. संस्थाको निर्णय प्रतिलिपी ।

६. संस्थाले अनुदान प्रक्रियाको लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई अख्तियारी पत्र ।

७. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि र फोटो १ प्रति (पासपोर्ट साइजको)

८. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा ५ वर्ष) प्रमाणहरु सहित पेश गर्नु पर्नेछ ।

९. अनूसूचि-३ मा उल्लेख भए बमोजिमको जग्गाको लालपूर्जाको विवरण सहितको प्रतिलिपी ।

# अनुसूची -३

## प्रस्ताव दररेट फाराम

१) फर्मको नामः.......................................................................................
२) कार्यालयको ठेगानाः...........................................................................
सम्पर्क नंः.............................................................................................
ईमेलः.....................................................................................................
३) आधिकारिक ब्यक्तिको नामः..................................................................
पदः.........................................................................................................
सम्पर्क नंः..............................................................................................
ईमेलः......................................................................................................
४) फर्म रजिष्टेशन नंः...............................................................................
५) रजिष्टेशन गर्ने कार्यालयः........................................................................
६) फर्म दर्ता मितिः......................................................................................
७) PAN/VAT रजिष्टेशन नंः.......................................................................
८) ब्यापारको किसिम/उद्देश्यः.......................................................................

९) उपलब्ध गराउन सक्ने सामग्री र कोटेशन मूल्यः

| सि.नं. | कृषि सामग्री उपकरणहरुको नाम | ब्रान्ड | मोडल | मूल्य अंकमा रु. | मूल्य अक्षरमा रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | प्लास्टिक स्प्रे | | | | | |
| २ | पिंतलको स्प्रे | | | | | |
| ३ | प्लास्टिकको हजारी | | | | | |
| ४ | स्टिलको हजारी | | | | | |
| ५ | प्लास्टिक क्यारेट | | | | | |
| ६ | सिकेचर | | | | | |
| ७ | टनेल प्लास्टिक | | | | | |
| ८ | हलो फाली | | | | | |
| ९ | मिनि टिलर | | | | | |
| १० | कम्वाइन मिल | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | सिड विन | | | | | |
| १२ | नर्सरी टे | | | | | |
| १३ | मल्टि थ्रेसर | | | | | |
| १४ | गहुँ थ्रेसर | | | | | |
| १५ | किरा छोप्ने जाली | | | | | |
| १६ | ग्रीन नेट | | | | | |
| १७ | धान झाँट्ने पंखा | | | | | |
| १८ | पैदल थ्रेसर | | | | | |
| १९ | गोडमेल गर्ने विडर | | | | | |
| २० | कोदो थ्रेसर | | | | | |
| २१ | मकै छोडाउने हाते मेसिन | | | | | |
| २२ | प्लास्टिक मल्चीङ | | | | | |
| २३ | ०.५ टि कर्न सेलर | | | | | |
| २४ | डबल ट्युव कर्न सेलर | | | | | |

फर्म तथा
संस्थाको छाप

(आधिकारीक ब्यक्तिको दस्तखत)

नाम:.......................................

पद: ........................................

फर्मको नाम:............................

ठेगाना:..................................

अनुसूचि-४

**अनुदानमा कृषि सामग्री प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्ने निवेदन ढाँचा ।**

मिति ........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौमुखी गाउँकार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

**विषय : कृषि सामग्री अनुदानमा उपलब्ध गराई पाउँ ।**

मलाई/हामीलाई धान,गहुँ,मकै, आलु, तरकारी, फलफूल, मसला आदी खेती वा मत्स्य उत्पादन वा अन्य .............................. कार्यमा उपयोग गर्नका लागि "गौमुखि गाउँपालिका कृषि सामग्री अनुदान कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७७" अनुसार गाउँपालिकाको मिति .......................... को कार्यालयको वेबसाइट र गाउँपालिकामा टाँस गरिएको सूचनाको आधारमा आवश्यक परेको कृषि सामग्रीहरु अनुसूची ५ वमोजिमको प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी अनुदानमा कृषि सामग्री उपलब्ध गराई पाउनका लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :

१.

२.

३.

निवेदक
नाम :
दस्तखत :
ठेगाना :
मोबाइल नं. :
समुह/संस्थाको नाम :
पद :
समुह/संस्थाको छाप :

## अनुसूचि-५

(प्रस्तावको ढाँचा)

## गौमुखी गाउँकार्यपालिकाको कार्यालय

## पुजा, प्यूठान

## ५ नं. प्रदेश नेपाल

पासपोर्ट साईजको दुवै कान देखिने फोटो

**कृषि सामग्री अनुदानमा लिनका लागि उपभोक्ताले भर्ने फारम**

(क) उपभोक्ताको विवरण :

१. नाम :- .............................. नागरिकता प्र.प.नं. .................... र जारी मिति ...............................

२. संस्था दर्ता नं. .............. दर्ता मिति ................... दर्ता निकाय ..........................................

३. स्थायी ठेगाना :- जिल्ला........... गा.पा./न.पा. ......... वडा नं. .............. टोल ........................

४. हालको ठेगाना :- जिल्ला .........गा.पा./न.पा. ......... वडा नं. .............. टोल .........................

५. सम्पर्क : मोवाइल नं. .............................. फोन नं. .......... इमेल .....................................

६. सम्पर्क व्यक्तिको नामः ................... पद : .......... मोवाइल नं. ........... इमेल .....................

७. सदस्य संख्याः महिला .......... पुरुष .......... दलित ............. जनजाती .........अन्य....................

८. लाभान्वित कृषक संख्या : प्रत्यक्ष ............... अप्रत्यक्ष .......................................................

९. माग गरिएको सामग्रीहरुमाग गर्नुको औचित्य/कारण.....................................
...................................................................................................................................
...................................................................................................................................
...................................................................................................................................
...........................

१०. उत्पादित कृषिजन्य वस्तुहरुको सम्भावित बजार तथा खपतको अवस्था

१.

२.

३.

११. कृषि सामग्री अनुदानमा लिन म/हामी छनौट भएमा अनुदान बाहेकको नगद रकम तिरी कार्यक्रममा संलग्न हुन सहमत छु/छौं ।

माथी पेश गरेको विवरण ठिक साँचो छ, झुठा भएमा कानुनी कार्वाही भएमा राजी छु/छौं। मलाई/ हामीलाई त्यस गाउँपालिकाबाट व्यवस्था भए बमोजिमको अनुदान उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु/छौं ।

| संस्थाको छाप |
| --- |
| |

निवेदकको नामः

सही : ..................

मिति : .........................

औंठा छापः ....................

**अनुसूची -६**

## उपभोक्ता/ समूह/सहकारी संस्थाबाट गरिने सिफारिस पत्रको ढाँचा

मितिः ..................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौमुखी गाउँकार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस गरेको वारे ।

प्रस्तुत विषयमा जिल्ला...................... गा.पा./न.पा......................... वार्ड नं. ..... बस्ने उपभोक्ता ................. ......................ले यस श्री ............................................................................ समूह/ सहकारी/फार्ममा आवद्ध रहनु भएको र निजले श्री.................................................. कम्पनि/फर्म/प्रा.लि.बाट तपसिलमा उल्लेखित सामग्रीहरुको अनुदान बाहेकको रकम तिरी खरिद गरी लिइ सकेकोले अनुदान रकम रु. ........................ अक्षरुपी .............................. निज आपुर्तिकर्तालाई भुक्तानी दिनुहुन भनी सिफारिस साथ अनुरोध गर्दछु/ छौ।

तपसिलः

| क्र.सं. | सामग्रीको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|
| १ | कृषि सामग्री सेट | १ सेट | | | |
| | जम्मा | | | | |

उपभोक्ताको नामः.....................................

दस्तखतः ......................................

मितिः..........................................

अध्यक्षको नाम.............................

समूह/संस्थाको नाम..........................

ठेगानाः..............................

दस्तखत ..........................

मिति ..............................

संस्थाको छाप ..................

अनुसूचि-७

अनुदान रकम भुक्तानी आवेदन फारम

**कृषि सामग्री आपुर्तिकर्ताको लागि**

मितिः ..................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौमुखी गाउँकार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

विषयः अनुदान रकम भुक्तानी पाउँ वारे ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको च.नं. .......... मिति ............ को कार्यदेश अनुसार मेरो......................................... फर्मबाट तपसिलमा उल्लेखित सामग्रीहरुतपसिलका कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताले तपसिल बमोजिमको सामग्री खरिद गरी कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताको तर्फबाट ब्यहोर्ने नगद रकम भूक्तानी गरि सामाग्री लगीसकेको हुनाले यस गाउँपालिकाबाट दिनु पर्ने अनुदान रकम रु....................................... अक्षरुपी ....................................... भुक्तानी पाउँ भनी आवश्यक कागजात यसै निवदेन साथ संलग्न राखीपेश गरेको छु ।

तपसिलः

| क्र.सं. | कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता | ठेगाना | सामग्रीको नाम( सेट | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| | | | जम्मा | | | | |

**संलग्न कागजातहरु**

१. कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ताले सामाग्री बुझेको भरपाई .......थान ।

२. सामग्रीको वील...........थान ।

३. सामग्री वितरणको फोटो ।

४. सम्बन्धित वडाको सिफारिस पत्र ।

आपुर्ति कर्ताको नामः

| संस्थाको छाप |
|---|
| |

फर्म/संस्थाको नामः................................

ठेगाना :-

दस्तखतः .................

मिति : .................

**अनुसूची-८**

(वडाको प्रयोजनको लागि)

मितिः.....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
गौमुखी गाउँकार्यपालिकाको कार्यालय
पुजा, प्यूठान

विषयः अनुदान रकम भुक्तानी दिनका लागि सिफारिस सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा आपुर्तिकर्ता श्री ........................................................ले तपसिलमा उल्लेखित सामग्रीहरु तपसिल बमोजिमका कृषकहरुलाई अनुदान बाहेकका रकम बुझिलिई विक्री वितरण गरेको हुनाले अनुदान रकम भुक्तानीको लागि सिफारिस साथ अनुरोध छ ।

तपसिलः

| क्र.सं. | कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता | ठेगाना | सामग्रीको नाम | परिमाण | जम्मा रकम रु. | कृषकले व्यहोरेको रकम रु. | अनुदान पाउनु पर्ने रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | | | कृषि सामग्री सेट | १ सेट | | | |
| | | | जम्मा | | | | |

कार्यालयको तर्फबाट
नामः.............................
पदः...........................
सहि .....................
कार्यालयको छापः

अनुसूची-९

<u>स्थलगत प्रमाणिकरणका आधार (फारम)</u>

१. कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता नाम:

२.ठेगाना:

२. सम्पर्क व्यक्तिको नामः सम्पर्क नं.

३. समूह/सहकारी/ फर्मको नामः

४.ठेगाना:

५.लगानी उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | अवस्था | | कारण उल्लेख गर्ने |
|---|---|---|---|---|
| १ | सामग्री माग गरेको औचित्य | छ | छैन | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता (नियमित बैठक आदि) | सक्रिय | निश्क्रिय | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | एकल | समूह | |
| ४ | खेती गर्ने बालीको विवरण | खाद्यान्न, दलहन, तरकारी, फलफूल | | |
| ५ | जग्गाको विवरण | | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | | | |
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | | | |
| ९ | भौतिक पूर्वाधार (सिचाइ,सडक विद्युत आदि) | | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | | | |

प्रमाणिकरण गर्नेको नाम .............................

पदः..............................................................

सहि .....................................................................

कार्यालयः...............................................................

अनुसूची-१०

मूल्याङ्कनका लागि आधार (फाराम)

१.कृषक समूह/कृषि सहकारी/निजी फर्म उपभोक्ता नाम:

२. ठेगाना :

३. सम्पर्क व्यक्तिको नाम:

३.सम्पर्क नं.

४.लगानी उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | सामग्री माग गरेको औचित्य | १० | | |
| २ | उपभोक्ताको समूह/सहकारी सक्रियता | १० | | |
| ३ | उपभोक्ताले पुर्याउने सेवाको अवस्था | १० | | |
| ४ | खेती गर्ने बालीको विवरण | १० | | |
| ५ | जग्गाको विवरण | १० | | |
| ६ | उपभोक्ता/समूह/सहकारीले उत्पादन गरेका वस्तुहरुको बजार अवस्था | १० | | |
| ७ | समूह/सहकारीको समावेसी र सामाजिक विवरण | १० | | |
| ८ | आर्थिक/हितकोषको अवस्था | १० | | |
| ९ | भौतिक पूर्वाधार (सिचाइ,सडक विद्युत आदि) | १० | | |
| १० | भौगोलिक दृष्टिकोणले उपयुक्त | १० | | |
| | जम्मा | १०० | | |

नोटः (सामान्य भए ४, मध्यम भए ६ र उत्तम भए १० प्रदान गर्ने)

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत